**आ.व.२०८१/०८२, मिति २०८२/०२/०२ गते, गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. आ. व. २०८२।०८३ को लागि मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट तथा सिफारिस सम्बन्धमा।

२. विविध सम्बन्धमा।

क) भू-उपयोग योजना तर्जुमा कार्य प्रतिवेदन सम्बन्धमा।

ख) योग शिविर व्यवस्थापन सम्बन्धमा।

ग) आ. व. २०८२।०८३ को लागि कर्णाली प्रदेश सशर्त अनुदानका लागि योजना छनौट तथा सिफारिस सम्बन्धमा।

घ) ५ सैय्या अस्पताल सेराडाँडाको अन्तिम भुक्तानी सम्बन्धमा।

ङ) आगामी आ. व. २०८२।०८३ को राजश्व प्रक्षेपण तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा।

च) आगामी आ. व. २०८२।०८३ को बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा।

छ) आ. व. २०८१।०८२ को भुक्तानी तथा बजेट सम्बन्धमा।

ज) विद्यालयको जग्गा प्राप्तिको लागि सिफारिस सम्बन्धमा।

झ) हालसम्म भुक्तानी भएका योजना तथा कार्यक्रमहरुको फरफारक सम्बन्धमा।

ञ) विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

ट) सभा सदस्यहरुका लागि पोषाक सम्बन्धमा।

ठ) कक्षा ८ को ग्रेडवृद्धि नतिजा प्रकाशन सम्बन्धमा।

ड) उपभोक्ता हित संरक्षण समिति गठन सम्बन्धमा।

ढ) बजार अनुगमन टोली गठन सम्बन्धमा।

ण) व्यापार व्यावसाय दर्ता सम्बन्धमा।

त) कार्यादेश सम्बन्धमा।

थ) बाल कोष सम्बन्धमा।

**आ.व.२०८१/०८२, मिति २०८२/०२/०२ गते, गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय १ :** आ. व. २०८२।०८३को लागि यस गाउँपालिकाका मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत तपसिलका आयोजनाहरु छनौट तथा प्रतिवद्धता सहित सिफारिस गर्ने।

**तपसिल**

| क्र.स. | वडा नं. | आयोजना कार्यक्रमको नाम | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | १ | मिलनचोक टोल एक घर एक धारा निर्माण | १५ लाख | |
| २ | २ | नेटा बजार मालिका मन्दिर पर्यटन मार्ग निर्माण | १५ लाख | |
| ३ | ३ | ईख्रेखोला तटबन्धन निर्माण आयोजना | १५ लाख | |
| ४ | ४ | लिउरे खोला पुच्छारदेखि टिकाचौरसम्म तटबन्धन | १५ लाख | |
| ५ | ५ | त्वालध्वारी सिचाई पोखरी निर्माण | १५ लाख | |
| ६ | ६ | श्री बु. ज. क. मा. वि. लगायत वडा नं ६ का विभिन्न स्थानमा पानी संकलन पोखरी एवं टंकी निर्माण | १५ लाख | |
| ७ | ७ | सिस्नेरी स्यानिजिमाली दलित बस्ती खानेपानी निर्माण | १५ लाख | |

**निर्णय २(क) :** यस गाउँपालिकाको भु-उपयोग योजना तर्जुमा कार्य प्रतिवेदन, २०८१ यस कार्यालयमा पेस भएकोले आवश्यक अध्ययन तथा संशोधनको लागि सबै वडा कार्यालयहरुलाई पठाउने र साथै राय सुझावका लागि सार्वजनिक सूचना जारी गर्ने र थप आवश्यक संशोधन गरी स्वीकृत गर्ने।

**निर्णय २(ख) :** यस गाउँपालिकामा योग सिविर व्यवस्थापन तथा संचालनको लागि सबै सरोकारवालाहरुको समन्वयमा समयतालिका तोकी सञ्चालन तथा व्यवस्थापन गर्ने।

**निर्णय २(ग) :** आ.व.२०८२।०८३ को लागि कर्णाली प्रदेश सशर्त अनुदानका लागि वडा समिति, विभिन्न फर्म, संघ संस्था तथा निकायहरुबाट प्रस्ताव भई आउने योजनाहरु छनौट गरी सिफारिस गर्ने।

**निर्णय २(घ) :** ५ सैय्या अस्पताल सेराडाँडाको अन्तिम भुक्तानी सम्बन्धमा जिल्ला प्रशासन लगायत सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने ।

**निर्णय २(ङ) :** यस गाउँपालिकामा आगामी आ.व.२०८२।०८३को राजश्व प्रक्षेपण तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारणको लागि सम्बन्धित समितिहरुमा आवश्यक गृहकार्य गरी आगामी कार्यपालिकाबाट पारित गर्ने ।

**निर्णय २(च) :** यस गाउँपालिकाको श्रोत तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आ. व. २०८२।०८३ को आयको प्रक्षेपण, वितरणको खाका र बजेट सिमामा आधारित भै स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न तपसिल बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आ. व. २०८२।०८३ को लागि बजेट, नीति तथा कार्यक्रम तयारीको प्रक्रिया अगाडि बढाउने ।

**तपसिल**

| | | |
|---|---|---|
| क) | श्री लाल बहादुर रावत, उपाध्यक्ष | संयोजक |
| ख) | श्री डिल्ली बहादुर राना, सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग) | श्री ईश्वरी शाही, पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| घ) | श्री कर्ण बहादुर बि. क. सुशासन तथा संस्थागत क्षमता विकास समिति संयोजक | सदस्य |
| ङ) | श्री डम्बर बहादुर शाही, आर्थिक विकास समिति संयोजक | सदस्य |
| च) | श्री शोभिलाल बस्तेत, वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| छ) | श्री……………………प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ज) | श्री ……………………..योजना शाखा प्रमुख | सदस्य-सचिव |

**निर्णय २(छ) :** आ. व. २०८१।०८२ को योजना तथा कार्यक्रमहरुको समयमै भुक्तानीका लागि सबै उपभोक्ता समितिहरु, वडा कार्यालयहरु, निर्माण व्यावसायी लगायत सबै सरोकारवालाहरुलाई जानकारी गर्ने । साथै मिति २०८२।०१।२१, च. नं. ७६ र मिति २०८२।०१।२३, च. नं. ७८ को महालेखा नियन्त्रक कार्यालय (बजेट तथा सोधभर्ना) शाखाको पत्रानुसार आ. व. २०८१।०८२ मा वित्तीय सामानीकरण अनुदानको चौथो किस्ता हस्तान्तरणमा रकम घटेर आउने जानकारी भयो ।

**निर्णय २(ज)** यस गाउँपालिकाको वडा नं. ६ अन्तर्गत श्री भगवती आधारभुत विद्यालय, कुमाख गा.पा.६, बडागाउँ अम्रैडाँडा, सल्यानको विद्यालय प्रयोजनका लागि तपसिल बमोजिम दर्ता श्रेष्ता कायम रहेको जग्गा खरिद प्रक्रियाबाट उक्त विद्यालयको नाममा रजिष्ट्रेशन/पास गरी प्राप्त गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यालयको पत्र र अन्य कागजातहरु सहित प्राप्त भएकोले सम्बन्धित निकायमा उक्त विद्यालयको नाममा जग्गा प्राप्तिका लागि सिफारिस गर्ने ।

**तपसिल**

| क्र सं | जग्गाधनीको नाम थर | कि नं | जम्मा क्षेत्रफल | पास/दर्ता हुने विद्यालयको नाम | पास हुनुपर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | देब बहादुर डाँगी | ८४३ | ०-१०-१-२ | श्री भगवती आधारभुत विद्यालय, कुमाख गा.पा.६, बडागाउँ अम्रैडाँडा, सल्यान | ०-१०-१-२ | |

**निर्णय २(झ) :** आ. व. २०८१।०८२ को हालसम्म सम्पन्न योजना तथा कार्यक्रमहरुको रकम भुक्तानीको फरफारक गर्ने ।

**निर्णय २(ञ) :** यस गाउँपालिकाको पालिकास्तरिय विपद् व्यवस्थापन समितिको २०८२ साल जेठ ०१ गते बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय २(ट) :** यस गाउँपालिका गाउँ सभा १७औं अधिवेशनबाट सभा सदस्यहरुका लागि पोषाक शीर्षकमा विनियोजित छ लाख रुपैँया मात्र कार्यान्वयनको लागि कपडा छनौट गरी आवश्यक कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय २(ठ) :** शैक्षिक सत्र २०८१ को कक्षा ८ को ग्रेडवृद्धि परीक्षाको नतिजा प्रकाशन गर्न शिक्षा शाखाबाट आवश्यक अध्ययन विश्लेषण गरी गर्ने ।

**निर्णय २(ड) :** उपभोक्ता हित संरक्षणका लागि कुमाख गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८० को परिच्छेद-२ को दफा ३ अनुसार तपसिल बमोजिमको उपभोक्ता हित संरक्षण समिति गठन गर्ने ।

**तपसिल**

क) श्री लाल बहादुर रावत, उपाध्यक्ष संयोजक
ख) श्री……………….. प्रमुख प्रशासकीय अधिकृत सदस्य
ग) श्री डम्बर बहादुर शाही, आर्थिक विकास समिति संयोजक सदस्य
घ) श्री ……………………, जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि सदस्य
ङ) श्री ……………………,स्वास्थ्य शाखा प्रमुख सदस्य
च) श्री चन्द्र बहादुर राना, उद्योग वाणिज्य संघ प्रतिनिधि सदस्य
छ) श्री ……………………, उपभोक्ता हित संरक्षण संस्था/व्यक्ति प्रतिनिधि सदस्य
ज) श्री……………………व्यापार व्यावसाय तथा उद्यम विकास शाखा प्रमुख सदस्य-सचिव

**निर्णय २(ढ) :** बजार अनुगमनका लागि कुमाख गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८० को परिच्छेद-३ को दफा ८ अनुसार तपसिल बमोजिमको बजार अनुगमन टोली गठन गर्ने ।

**तपसिल**

क) श्री…………………… प्रमुख प्रशासकीय अधिकृत सदस्य
ख) श्री ……………………., योजना शाखा प्रमुख सदस्य
ग) श्री ……………………, प्रहरी प्रमुख सदस्य
घ) श्री ……………………, उपभोक्ता हित संरक्षण संस्था/व्यक्ति प्रतिनिधि सदस्य
ङ) श्री चन्द्र बहादुर राना, उद्योग वाणिज्य संघ प्रतिनिधि सदस्य
च) श्री डिल्लीराज रावत, पत्रकार महासंघ/सञ्चारकर्मी सदस्य
छ) श्री ………………व्यापार व्यावसाय तथा उद्यम विकास शाखा प्रमुख सदस्य-सचिव

**निर्णय २(ण) :** यस पालिका अन्तर्गत सञ्चालित व्यापार तथा व्यावसायहरुलाई नियमानुसार दर्ता प्रक्रियामा ल्याउन सार्वजनिक सूचना प्रकाशन गरी गाउँपालिका कार्यालयमा अभिलेखीकरण गर्ने । साथै, नियमानुसार दर्ता नगरी सञ्चालन गरिएका व्यापार तथा व्यावसायहरु सम्बन्धमा कानुन बमोजिम प्रक्रिया अगाडि बढाउने ।

**निर्णय २(त) :** यस गाउँपालिका अन्तर्गतका वडा नं ५ र वडा नं ७ का तपसिलका योजनाहरु कार्यान्वयनका लागि उपभोक्ता समिति गठन हुनु नसक्ने परिस्थिति भएकोले सम्बन्धित वडा सचिवलाई कार्यादेश दिई अमानत प्रक्रियाबाट योजनाहरु कार्यान्वयन गर्ने ।

| वडा नं. | योजनाको नाम | रकम | कार्यादेश दिइएको वडा सचिवको नाम, थर |
|---|---|---|---|
| ५ | सरस्वती प्रा. वि. पिपल चौतारा निर्माण | १०००००।० | श्री प्रशान्त लामिछाने |
| ७ | लेखापानी बञ्चरे खानेपानी मर्मत | १०००००।० | श्री ज्योति पंकज डि सी |

**निर्णय २(थ) :** आ.व २०८१/०८२ को महिला बालवालिका तथा समाजकल्याण उपशाखा तर्फको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत खर्च शीर्षक (२२५२९) बाल कोषको नाममा विनियोजन गरिएको रु १०००००। (अक्षेरुपी एक लाख मात्र) कुमाख गाउँपालिकाको हिमालयन बैंकमा रहेको **KUMAKH GA.PA.BIBD KOSH KHATA Ga 5.1** नामको खातामा बाल कोषको नाममा जम्मा गर्ने र बाल अधिकार संरक्षण तथा प्रबर्द्धन सम्बन्धि कार्यविधि २०७९ बमोजिम परिचालन गर्ने ।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो**

साथै, यस गाउँपालिकाको वडा नं. ४ अन्तर्गत श्री जनकल्याण आधारभुत विद्यालय, कुमाख-४, कोत्री, सल्यानको विद्यालय प्रयोजनका लागि तपसिल बमोजिम दर्ता श्रेष्ता कायम रहेको जग्गा खरिद प्रक्रियाबाट उक्त विद्यालयको नाममा रजिष्ट्रेशन/पास गरी प्राप्त गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यालयको पत्र र अन्य कागजातहरु सहित प्राप्त भएकोले सम्बन्धित निकायमा उक्त विद्यालयको नाममा जग्गा प्राप्तिका लागि सिफारिस गर्ने ।

**तपसिल**

| क्र सं | जग्गाधनीको नाम, थर | कि नं | जम्मा क्षेत्रफल | पास/दर्ता हुने विद्यालयको नाम | पास हुनुपर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |